# आन्तरिक मामिला तथा कानून मन्त्रालय,

## कोशी प्रदेश, विराटनगर

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित गरिएको विवरण

## वि.सं. २०८१



## साउन - आश्विन

# बिषय सूची


| सि. नं. | विवरण |
|---|---|

१.आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

३. मन्त्रालयको संगठन संरचनाः

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको दरबन्दी तेरिज

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरु

६. महाशाखागत कार्य विभाजन

७. महाशाखागत कार्य प्रगति

प्रशासन तथा योजना महाशाखा

यातायात व्यवस्था महाशाखा

शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

कानून तथा प्रदेश सभा मामिला महाशाखा

- आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः
- सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि
- निर्णय गर्ने प्रकृया र अधिकारी

मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पद

## १. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। नेपालको संवि धानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूचीबमोजिम यस मन्त्रालयले मूख्यतः शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद् ब्यवस्थापन, द्वन्द ब्यवस्थापन, कानून, न्याय, सञ्चार, यातायात तथा प्रदेश सभा मामिला र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दछ । प्रदेश सरकारका कामकारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ तथा कार्य सम्पादन नियमावली, २०७९ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ का अनुसारआन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ-

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति,कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,
२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क,सम्बन्ध,सूचना आदान प्रदान र समन्वय,
४. संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,
५. प्रदेशभित्रको अपराध अनुसन्धान,सूचना सङ्कलन,रोकथाम,नियन्त्रण तथा समन्वय,
६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,
७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,
८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन,विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षार एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,
१०. सामुदायिक प्रहरी,
११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१२. विवाद व्यवस्थापन,
१३. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१४. निवारक नजरबन्द र स्थानहदसम्बन्धी,
१५. अन्तरप्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,
१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन,
१७. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,
१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,
१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,
२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,
२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
२२. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,
२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,
२५. प्रदेशस्तरमा दी गो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,
२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्बन्धी,
२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन,नियम र गठन आदेशको तर्जुमा सुधार,
२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,
३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,
३१. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,
३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,
३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशनएवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

३७. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय र प्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा,सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायातसम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाई झन्झटरहित, बिचौलिया रहित, अनियमितता रहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमति,चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

४७. प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड,गुणस्तर र भाडादर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

५६. साइवर सुरक्षा अनुगमन,

५७. छापासञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी,

६१. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

६४. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

६५. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचनार अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनको जीविकोपार्जन र पुनःर्स्थापनासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,


७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

७१. गुठी तथा गुठीजग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम्सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको विद्यमान स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ५ वटा महाशाखा, १२ वटा शाखाहरु र ५९ जनाको दरबन्दी रहेका छ।



मन्त्री
मन्त्रीको सचिवालय
शाखा अधिकृत-सातौं/आठौं(प्र./सा.प्र) - १
सहायक/अधिकृत-पाचौं/छैटौं (प्र./सा.प्र.) - १
प्रदेश सचिव
रा.प.प्रथम -१
सचिवको सचिवालय
सहायक/अधिकृत-पाचौं/छैटौं (प्र./सा.प्र.) - १
प्रशासन तथा योजना महाशाखा
उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १
प्र./सा.प्र.
प्रशासन तथा योजना शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
ना.सु./स.अधिकृत(प्र./सा.प्र.) पाचौं/छैटौं - १
कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १
खरिदार(प्र.सा.प्र.) चौथो - १
कार्यालय सहयोगी (श्रेणी विहीन) - ७
हलुका सवारी चालक (श्रेणी विहीन) - ५
भूमि व्यवस्थापन शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
नापी अधिकृत/वरिष्ठ नापी अधिकृत (इन्जि/सर्भे) सातौं/आठौं - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १
सर्भेक्षक (इन्जि/सर्भे) पाचौं - १
खरिदार (प्र.सा.प्र.) चौथो - १
आर्थिक प्रशासन शाखा
लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत(प्र./लेखा) सातौं/आठौं - १
लेखापाल/सहायक अधिकृत(प्र./लेखा) - १
सञ्चार तथा सूचना प्रविधि महाशाखा
उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १
प्र./सा.प्र.
सञ्चार शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र) सातौं/आठौं - १
ना.सु./स.अधिकृत(प्र./सा.प्र.) पाचौं/छैटौं - १
कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १
सूचना प्रविधि शाखा
कम्प्युटर इन्जिनियर/प्रमुख कम्प्युटर इन्जिनियर (विविध) - १
कमप्युटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत (विविध) पाचौं/छैटौं - १
यातायात व्यवस्था महाशाखा
उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १
प्र./सा.प्र.
प्राविधिक शाखा
मेकानिकल इन्जिनियर(इन्जि/मे./निउस वा इन्जि/मे./जमे) सातौं/आठौं - १
मेकानिकल सुपरभाइजर (इन्जि/मे./निउस वा इन्जि/मे./जमे.)पाचौं/छैटौं - ३
यातायात व्यवस्था शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - २
कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १
खरिदार(प्र.सा.प्र.) चौथो - १
शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा
उपसचिव/वरिष्ठ शाखा सचिव (नवौं/दशौं) - १
प्र./सा.प्र.
प्रहरी प्रशासन तथा अनुसन्धान शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १
शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १
विपद् व्यवस्थापन शाखा
शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत (प्र./सा.प्र.) सातौं/आठौं - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - २
खरिदार (प्र.सा.प्र.) चौथो - १
कानून तथा प्रदेश सभा मामिला महाशाखा
उपसचिव कानून - १
न्याय/कानून
कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा
कानून अधिकृत (न्या../कानून) - १
ना.सु./स.अधिकृत (प्र./सा.प्र.) पाचौं/छैटौं - १
कम्प्युटर अपरेटर/ स.क.अधिकृत (विविध) पाचौं/छैटौं - १
प्रदेश सभा मामिला तथा कानून शाखा
कानून अधिकृत (न्या./कानून) - १
खरिदार (प्र./सा.प्र.) - १

# आन्तरिक मामिला तथा कानून मन्त्रालयको मौजुदा तथा प्रस्तावित दरबन्दी तेरिज

| विवरण | पदनाम | तह | सेवा (समूह) | साविकको दरबन्दी संख्या | प्रस्तावित दरबन्दी संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | थप | घट | |
| मन्त्रीको सचिवालय | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| सचिवको सचिवालय | प्रदेश सचिव | रा.प.प्रथम | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| प्रशासन तथा योजना महाशाखा | उपसचिव/वरिष्ठ शाखा सचिव | नवौं/दशौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| प्रशासन तथा योजना शाखा | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | कम्प्यूटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | पाँचौ/छैटौं | प्रशासन/विविध/सूचना प्रवधि | १ | 0 | 0 | १ |
| | खरिदार | चौथो | प्र./सा.प्र. | १ | 0 | 0 | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भूमि व्यवस्थापन शाखा | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | ० | ० | १ |
| | नापी अधिकृत/वरिष्ठ नापी अधिकृत | सातौं/आठौं | इन्जि (सर्भे) | १ | ० | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | सर्भेक्षक | पाँचौ | इन्जि (सर्भे) | १ | 0 | 0 | १ |
| | खरिदार | चौथो | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत | सातौं/आठौं | प्र./ लेखा | १ | 0 | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./ लेखा | १ | 0 | 0 | १ |
| सञ्चार तथा सूचना प्रविधि महाशाखा | उपसचिव/वरिष्ठ शाखा सचिव | नवौं/दशौं | प्र./सा.प्र. | ० | १ | 0 | १ |
| सञ्चार शाखा | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | कम्प्यूटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | पाँचौ/छैटौं | प्रशासन/विविध/सूचना प्रवधि | १ | 0 | 0 | १ |
| सूचना प्रविधि शाखा | कम्प्युटर अधिकृत/कम्प्यूटर इन्जिनियर | सातौं/आठौं | प्रशासन/विविध/सूचना प्रवधि | १ | 0 | 0 | १ |
| | कम्प्यूटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | पाँचौ/छैटौं | विविध | १ | 0 | 0 | १ |
| यातायात व्यवस्था महाशाखा | उपसचिव/वरिष्ठ शाखा सचिव | नवौं/दशौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राविधिक शाखा | इन्जिनियर | सातौं/आठौं | इन्जि/मे/निउस वा इन्जि/मे/ज.मे | १ | 0 | 0 | १ |
| | सहायक/ अधिकृत | पाँचौ/छैटौं | इन्जि/मे/निउस वा इन्जि/मे/ज.मे | ३ | 0 | 0 | ३ |
| यातायात व्यवस्था शाखा | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | २ | 0 | ० | २ |
| | कम्प्यूटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | पाँचौ/छैटौं | प्र./विविध/सूचना प्रविधि | १ | 0 | 0 | १ |
| | सहायक | चौथो | इन्जि/मे/निउस | १ | 0 | ० | १ |
| शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा | उपसचिव/वरिष्ठ शाखा सचिव | नवौं/दशौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| प्रहरी प्रशासन तथा अनुसन्धान शाखा | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| विपद् व्यवस्थापन शाखा | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | २ | 0 | 0 | २ |
| | खरिदार | चौथो | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| कानून तथा प्रदेश सभा मामिला महाशाखा | उपसचिव (कानून) | - | न्याय/कानून | १ | 0 | 0 | १ |
| कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत | - | न्याय/कानून | १ | 0 | 0 | १ |
| | नायव सुव्वा/सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | 0 | १ |
| | कम्प्यूटर अपरेटर/ सहायक कम्प्युटर अधिकृत | पाँचौ/छैटौं | विविध | १ | 0 | 0 | १ |
| प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा | कानून अधिकृत | - | न्याय/कानून | १ | 0 | 0 | १ |
| | ना.सु./ सहायक अधिकृत | पाँचौ/छैटौं | प्र./सा.प्र. | १ | 0 | ० | १ |
| | कार्यालय सहयोगी | आधारभूत तह | | ७ | 0 | ० | ७ |
| | ह.स.चा. | आधारभूत तह | | ५ | ० | ० | ५ |
| जम्मा | | | | **५८** | **१** | ० | **५९** |

(नोट -यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु बुँदा नं. २ मा उल्लेख भए वमोजिम हुनेछ ।
यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहेको छ।)

## ५. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरु

| सि.नं. | शाखाको नाम | कार्यरत कर्मचारीको नाम, थर |
|---|---|---|
| | नि. प्रदेश सचिव श्री कमल बहादुर थापा | |
| १ | प्रशासन तथा योजना महाशाखा तथा यातायात व्यवस्था महाशाखा | उपसचिव श्री कमल बहादुर थापा |
| २ | सञ्चार तथा सूचना प्रविधि प्रविधि महाशाखा | उपसचिव श्री शतीश सत्याल |
| ३ | शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा | उपसचिव श्री बाबुराम शर्मा लुईंटेल |
| ४ | कानून तथा प्रदेश सभा मामिला महाशाखा | कानून उपसचिव श्री विश्वदीप बेस्रा |
| ५ | प्रशासन तथा योजना शाखा | वरिष्ठ शाखा अधिकृत श्री सुभाष कार्की<br>सहायक अधिकृत श्री तिर्थराज बुढाथोकी<br>सहायक कम्प्युटर अधिकृत श्री मनिस कुमार तिमलसिना<br>नायव सुव्वा श्री टोपेन्द्र वस्नेत<br>नायव सुव्वा श्री नविन बराल |
| ६ | आर्थिक प्रशासन शाखा | वरिष्ठ लेखा अधिकृत श्री भगवान मान श्रेष्ठ<br>लेखापाल श्री सुजन निरौला |
| ७ | भूमि व्यवस्थापन शाखा | शाखा अधिकृत श्री डिल्लीराम सुवेदी |
| ८ | सञ्चार शाखा | शाखा अधिकृत श्री नारायण भण्डारी |
| ९ | सूचना प्रविधि शाखा | शाखा अधिकृत श्री नारायण भण्डारी |

| | | |
|---|---|---|
| १० | प्राविधिक शाखा | मे.ई. श्री वसन्त कुमार साह |
| ११ | यातायात व्यवस्था शाखा | वरिष्ठ शाखा अधिकृत श्री सुभाष कार्की |
| १२ | प्रहरी प्रशासन तथा अनुसन्धान शाखा | वरिष्ठ शाखा अधिकृत श्री शम्भु प्रसाद शाह |
| १३ | शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा | सहायक अधिकृत श्री शिवराज दाहाल |
| १४ | विपद् व्यवस्थापन शाखा | वरिष्ठ शाखा अधिकृत श्री सदानन्द भट्टराई<br>सहायक अधिकृत श्री छविलाल खनाल<br>खरिदार श्री  कविता राजवंशी |
| १५ | कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत श्री सुनिल रेग्मी,<br>सहायक कम्प्युटर अधिकृत श्री कोमल दाहाल |
| १६ | प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा | कानून अधिकृत श्री  मन्जु खड्का,<br>राजपत्र प्रिन्टिङ अपरेटर श्री रमेश परियार |
| १७ | मा. मन्त्रीज्यूको सचिवालय | अधिकृत छैटौं श्री  रूद्र अधिकारी |
| १८ | सचिवज्यूको सचिवालय | सहायक कम्प्युटर अपरेटर श्री लक्ष्मी नारायण माझी |
| १९ | हलुका सवारी चालक | श्री डिल्लु गिरी,<br>श्री पपेन्द्र मणी राई,<br>मो. इमरान,<br>श्री विष्णु राजवंशी, इन्द्रेस सरदार, सुमन राजवंशी |
| २० | कार्यालय सहयोगी | श्री खुमा आचार्य,<br>श्री तारा अधिकारी,<br>श्री चुलुवा मंडल,<br>श्री रमेश चापागाई,<br>श्री ववित‍ा पोखरेल,<br>श्री दिपक गिरी,<br>श्री लक्ष्मी अधिकारी,<br>श्री सन्देश श्रेष्ठ |
| २१ | ईलेक्ट्रिसियन | श्री कृष्ण सहनी |
| २२ | माली | श्री शारदा ऋषिदेव |
| २३ | सरसफाई | श्री रेणु डोम |

## ६. महाशाखागत कार्य विभाजन

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव (निजामती सेवाको रा.प.प्रथम श्रेणी, प्रशासन सेवा) को प्रशासनिक नेतृत्वमा रहने गरी स्वीकृत भएको संगठन संरचना र दरबन्दी अनुसार यस मन्त्रालयमा **५ वटा महाशाखाहरु** र यी **महाशाखा अन्तर्गत जम्मा १२** वटा शाखा रहेका छन्।

(क) प्रशासन तथा योजना महाशाखा

१) प्रशासन तथा योजना शाखा

२) आर्थिक प्रशासन शाखा

३) भूमि व्यवस्थापन शाखा

(ख) सञ्चार तथा सूचना प्रविधि प्रविधि महाशाखा

१) सञ्चार शाखा

२) सूचना प्रविधि शाखा

(ग) यातायात व्यवस्था महाशाखा

१) प्राविधिक शाखा

२) यातायात व्यवस्था शाखा

ग) शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

१) प्रहरी प्रशासन तथा अनुसन्धान शाखा

२) शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा

३) विपद् व्यवस्थापन शाखा

(घ) कानून तथा प्रदेश सभा मामिला महाशाखा

१) कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा

२) प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा

## ७. महाशाखागत कार्य प्रगति

### प्रशासन तथा योजना महाशाखा

### . प्रशासन तथा योजना शाखा

१.मन्त्रालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्य सम्पन्न गरेको।

२.मन्त्रालय तथा मातहतका कार्यालयहरुको अस्थायी दरबन्दी स्वीकृतिका लागि सिफारिस गरेको।

३.संविधान दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको।

४.मन्त्रालय तथा मातहतका कार्यालयहरुको बार्षिक प्रगति प्रतिवेदन तयार गरेको।

५.प्रशासन तथा योजना सम्बन्धी नियमित कार्यहरु गरिएको।

### . आर्थिक प्रशासन शाखा

| सि. नं | बजेट उपशिर्षक नं. | विनियोजित रकम | असोज सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ३१४०००११३ चालु | १०६०९१००० | १४५४९९९२.३७ | १३.७१ |
| २ | ३१४०००१२३ कार्यक्रम चालु | २७७५५९००० | ७३६४०६४.७२ | २.६५ |
| ३ | ३१४०००१२३ सूचना संचार कार्यक्रम चालु | २९२००००० | ६३४०५० | २.१७ |
| **चालु तर्फ** | | **४१२८५००००** | **२२५४८१०७** | **५.४६** |
| ४ | ३१४०००११४ पुँजीगत | १३९००००० | २४१६५० | १.७४ |
| ५ | ३१४०००१२४ कार्यक्रम पुँजीगत | ३९२३४०००० | १५१३४०४० | ३.८६ |
| **पुँजीगत तर्फ** | | **४०६२४००००** | **१५३७५६९०** | **६** |
| **जम्मा** | | **८१९०९००००** | **३७९२३७९७** | **४.६३** |

### यातायात व्यवस्था महाशाखा

### . यातायात व्यवस्था शाखा

- कोशी प्रदेशका सवारी चालक अनुमति पत्र जारी गर्ने कार्यालयहरुबाट परिक्षणकालीन सवारी चालक अनुमति पत्रको कार्ड वितरण सुरु गरिएको।
- मापदण्ड नपुगेका तथा दर्ता तथा नवीकरण नगरेका प्रशिक्षण केन्द्रहरु(ड्राईभिङ सेन्टर) लाई मापदण्ड पुरा गरी दर्ता तथा नवीकरण गर्न आह्वान गरिएको।
- मापदण्ड नपुगेका तथा दर्ता तथा नवीकरण नगरेका वर्कशपहरु लाई मापदण्ड पुरा गरी दर्ता तथा नवीकरण गर्न आह्वान गरिएको।
- २०८१ असोज मसान्तसम्म यातायात व्यवस्था कार्यालयहरुबाट संकलन भएको जम्मा राजश्व रु. ६५३३५६२८९।— (अक्षरेपी रु. पैसठ्ठी करोड तेत्तीस लाख छपन्न हजार दुई शय उनानबे रुपैया मात्र) ।
- सवारी दर्ता — १५६९२ सवारी चालक अनुमति पत्र ६००३ ।

**यातायात व्यवस्था कार्यालय/सेवा कार्यालय, कार्यालय प्रमूखहरुको नाम र सम्पर्क ठेगाना**

| क.सं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १. | राजकुमार गुप्ता | अ.आठौं(मे.ई.) | या.व्य.का., सवारी, इटहरी | ९८४२०२०९६५ | tmo.sunsari1@gmail.com |
| २. | बाबुराम शर्मा लुईटेल | वरिष्ठ शाखा अधिकृत | या.व्य.का., विर्तामोड, झापा | | tmo.jhapa@gmail.com |
| ३. | टंकप्रसाद प्रसाईं | वरिष्ठ शाखा अधिकृत | या.व्य.का.,स.चा.अ.प इटहरी. | ९८५२६५५०२९ | tmo.sunsari2@gmail.com |
| ४. | गोपाल दहाल | वरिष्ठ शाखा अधिकृत | या.व्य.का. उदयपुर | ९८५२८३५७२७ | tmo.udayapur@gmail.com |
| ५. | छविलाल खतिवडा | वरिष्ठ शाखा अधिकृत | या.व्य.से.का., इलाम | ९८५२६८०१९७ | tmo.ilam2@gmail.com |
| ६. | कमलदेव यादव | शाखा अधिकृत | या.व्य.से.का, ओखलढुङ्गा | ९८५२८४३८८८ | tmo.okhaldhunga@gmail.com |
| ७. | पाक्रम खाँ | वरिष्ठ शाखा अधिकृत | या.व्य.से.का, विराटनगर | ९८४२३९९२२७ | tmo.biratnagar@gmail.com |
| ८. | लोकेन्द्र फागो | अधिकृत सातौं | या.व्य.से.का, धनकुटा | ९८५२०६१८४० | tmo.dhankuta@gmail.com |

## . प्राविधिक शाखा

## ~~दर्ता भएका वर्कशप वा कारखानाहरुको विवरण~~

## (२०८१ साउन देखि असोजसम्म)

| क.स. | सँस्थाको नाम | ठेगाना | सञ्चालकको नाम | सम्पर्क नम्वर | दर्ता भएको/ नभएको | नविकरण भए/ नभएको |
|---|---|---|---|---|---|---|
| १ | श्री कृष्ण वडी ग्यारेज | सुन्दर हरैचा ५ | श्री कार्तिक सरकार | | भएको | भएको |
| २ | श्री सिप्रदी टेडिङ्ग प्रा.लि. | इटहरी १७ | श्री सिदार्थर्र ज.व.रा. | ९८५५०५०९६६ | भएको | नभएको |
| ३ | आशिष सर्भिसिङ्ग सेन्टर | इटहरी १६ | सरिता भण्डारी | ९८५१०६३४५३ | भएको | भएको |
| ४ | रुम्जाटार अटोमोवाइद्ल्स प्रा.लि. | सिद्धिचरण न. पा. ५ | श्री राजन घले | | भएको | नभएको |

## ~~दर्ता तथा नवीकरण भएका ड्राइभिङ सेन्टरहरुको विवरण~~

## (२०८१ साउन देखि असोजसम्म)

नयाँ दर्ता

| क.सं. | मिति | वर्ग | ड्राईभिङ स्कुल | ठेगाना | दर्ता नं. |
|---|---|---|---|---|---|
| १ | २०८१/०४/१७ | ख | चारआलि ड्राईभिङ्ग स्कूल प्रा. लि. | मेची न. पा. १३ | ४३३६/४१०६ |
| २ | २०८१/०४/२४ | ख | पुरानो ए वन ड्राइभिङ्ग सेन्टर | दुहबी- ६ सुनसरी | ८१३४/५८१० |
| ३ | २०८१/०४/२८ | क, ख | न्यू तरहरा ड्राइभिङ्ग सेन्टर | इटहरी १९ सुनसरी | ९६८०/६४०४/ ७५७७ |
| ४ | २०८१/०४/२९ | क, ख | थपलिया ड्राइभिङ्ग सेन्टर | सुन्दरहरैचा ५ मोरङ्ग | ६४४८/६६४१/ ००३१ |
| ५ | २०८१/०४/२९ | क, ख | सगरमाथा ड्राइभिङ्ग स्कूल | विराटनगर ३ मोरङ्ग | ७०४५/६२७२/ १४५३ |
| ६ | २०८१/०५/९ | क, ख | आरती मोटर ड्राइभिङ्ग एण्ड टेक्निकल ईन्स्टीचियुट सेन्टर | मेची न. पा. १० | ३८७८/६४७९/४७०५ |
| ७ | २०८१/०५/१३ | क, ख | ए बी ड्राइभिङ्ग स्कूल | बिराटनगर ४ | ९६२८/७७५१/ ९७६३ |
| ८ | २०८१/०५/१३ | ख | अधिकारी ड्राइभिङ्ग सेन्टर | बिराटनगर १० | ६९६९/३५७७/ ५५०० |
| ९ | २०८१/०५/१३ | ख | सजिलो ड्राइभिङ्ग स्कूल | सुन्दरहरैचा ४ | ९६५८/२३२०/ ८९७५ |
| १० | २०८१/०६/०७ | क, ख | पानबारी ड्राइभिङ्ग सेन्टर | धरान ६ | ९५३०/३६८३/ |
| ११ | २०८१/०६/२२ | ख | न्यू अरब ड्राइभिङ्ग सेन्टर | ईटहरी २० | ३९८/८४५२/ २४६१ |

भएका ड्राईभिङ सेन्टरबाट सङ्कलित राजश्व — रू ७७०००/-

नवीकरण भएका ड्राईभिङ सेन्टरबाट सङ्कलित राजश्व — रू २२०००/-

ड्राईभिङ सेन्टरबाट संकलित जरिवाना — रू. ७०००/-

**कुल जम्मा(साउन देखि असोज सम्म) — रू. १०६०००/-**

## शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

### . विपद् व्यवस्थापन शाखा

१. प्रदेश विपद् पार्श्वचित्र (Disaster Profile) निर्माणको प्रक्रिया बढेको।

२. प्रकोप जोखिम क्षेत्रको विद्युतीय नक्साङ्कन निर्माण गर्ने कार्य अगाडि बढेको।

३. विपद्बाट प्रभावित ५८ जना व्यक्ति /परिवारहरूलाई क्षति मूल्याङ्कनका आधारमा राहत रकम उपलब्ध गराइएको। साथै, विपद्बाट मृत्यु भएका २७ जना मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक एक/एक लाखका दर आर्थिक सहयोग उपलब्ध गराइएको।

४. प्रदेश सरकारको ३०% लागत साझेदारी अनुसारको मनसुनजन्य विपद्बाट प्रभावित भई लाभग्राही कायम भएका संखुवासभा जिल्लाका ५५ व्यक्ति/परिवारहरूको निजी आवास पुनर्निर्माणका लागि पहिलो र दोस्रो किस्तावापतको रकम निकासा गरिएको।

५. विपद् व्यवस्थापन परिषद र विपद् व्यवस्थापन कार्यकारी समितिको १/१ वटा बैठक सम्पन्न भएको।

६. देहाय बमोजिमको राहत वितरण गरिएको

- जिल्ला प्रशासन कार्यालय खोटाङमा २०० थान त्रिपाल पठाइएको।
- ओखलढुङ्गा जिल्लाको सुनकोशी गाउँपालिकामा त्रिपाल-१०५ थान, चामल-१०० बोरा, दाल-२०० केजी, तेल-२०० लिटर, नुन -१०० प्याकेट र ब्ल्याकेट-१०० थान पठाइएको।
- उदयपुरको बेलका नपामा १०० काटुन पानी (मिनरल वाटर) र २०० थान झुल।
- त्रियुगा नगरपालिका वडा नं १५ स्थित पहिरोबाट विस्थापित भएका परिवारलाई राहत सामग्रीहरू टेन्ट-८ थान, त्रिपाल- ३० थान, कम्बल- ३० थान, चामल- ३० बोरा, दाल- ६० केजी, तेल-६० केजी र नुनः ३० प्याकेट उपलब्ध गराइएको।

- खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं. ०५ स्थित थामे बस्तीमा मिति २०८१।०४।३२ गते हिमताल फुटी आएको बाढी पहिरोबाट विस्थापित भएका परिवारका लागि  रूपमा क्षति भएको हुँदा उक्त बस्तीमा रहेका बासिन्दाहरूलाई तत्काल राहत सामग्रीहरू फाइबर सिरक-५० थान, म्याट्रेश — ५० थान, ओछ्याउने तन्ना — ५० थान र फाइबर सिरानी- ५० थान जिल्ला प्रशासन सोलुखुम्बुलाई हस्तान्तरण गरिएको।
- जिल्ला प्रशासन कार्यालय पाँचथरमा त्रिपाल १०५ थान र ब्ल्याकेट ५० थान पठाइएको।
- मिति २०८१/०४/१५ र १६ गते आएको अविरल बर्षाको कारणले भोजपुर जिल्लाको साल्पासिलिछो गाउँपालिकामा इर्खुवा खोलामा आएको बाढीबाट प्रभावित परिवारलाई राहत सामग्रीहरू त्रिपाल- २५ थान, चामल -२५ केजीका २५ बोरा, दाल — ५० केजी, तेल -५० लिटर, नुन- २५ प्याकेट र ब्ल्याङ्केट — २५ थान उपलब्ध गराइएको ।

**जम्मा वितरण गरिएको राहत सामग्री**

त्रिपालः ४४० थान

ब्ल्याङ्केटः २०५ थान

चामलः १५५ बोरा

तेलः ३१० लिटर

दालः ३१० केजी

नुनः १५५ प्याकेट

टेन्टः ८ थान

फाइबर सिरक- ५० थान,

म्याट्रेश — ५० थान,

ओछ्याउने तन्ना — ५० थान

फाइबर सिरानी- ५० थान

पानी (मिनरल वाटर)- १०० काटुन

झुल- २०० थान

### . प्रहरी प्रशासन तथा अनुसन्धान शाखा र शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा

१. प्रदेशको समग्र सुरक्षा व्यवस्थापनका सम्बन्धमा प्रदेश सुरक्षा समन्वय समितिको बैठक ५ पटक बसेको।

२. महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० को कार्ययोजना सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) बमोजिम गठित प्रदेश निर्देशक समितिको एकपटक बैठक बसेको।

३. महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ परिषद् प्रस्ताव नम्बर १३२५ र १८२० को कार्ययोजना सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनाका सम्बन्धमा यस प्रदेशबाट भएका कार्यप्रगति विवरण नेपाल सरकार गृह मन्त्रालयलाई पठाईएको।

४. चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन गर्ने सम्बन्धमा सरोकारवालाहरुसँग छलफल गरिएको।

५. लागूऔषध पुनर्स्थापना केन्द्रको अनुगमन गरिएको।

# कानून तथा प्रदेश सभा मामिला महाशाखा

**१. कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा र प्रदेश सभा मामिला तथा कानून प्रकाशन महाशाखा**

१. देहाय बमोजिमको अन्य मन्त्रालयबाट प्राप्त कानूनमा राय, सुझाव तथा परिमार्जन सहित तर्जुमा सहमती प्रदान गरिएको

~~देहाय~~:

विधेयक : ६

नियमावली (संशोधन समेत) — ४

निर्देशिका (संशोधन समेत) — ५

कार्यविधि (संशोधन समेत) — ६

गठन आदेश (संशोधन) — १

विधेयकको अवधारणापत्रमा सहमति — २

अन्य — २

. देहाय बमोजिमको यस मन्त्रालयको अन्तर्गतका कानूनहरु मस्यौदा लगायत गरी तर्जुमा भएको:

- . केही प्रदेश ऐनमा साविकको व्यवसथा जगाउने विधेयक,
- . विदेशी पर्यटक सवारी साधनको अस्थायी रुट पर्मिट सम्बन्धी नियमावली, २०८१
- . सवारी साधनको इन्धन प्रणाली परिमार्जन सम्बन्धी कार्यविधि, २०८१
- . बुढीगंगा ट्रक पार्किङ्ग स्थल निर्माण तथा सञ्चालन कार्यविधि, २०८१ (आर्थिक मामिला तथा योजना मन्त्रालय सहमतिका लागि पठाइएको)

. ऐन, नियम, कार्यविधि लगायतका विभिन्न सुचनाहरुको प्रदेश राजपत्रमा प्रकाशनका लागि सम्पादन गरी २४ सूचनाहरुको ३६०० प्रति राजपत्र प्रकाशन गरी वितरण समेत गरिएको।

## • आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

मन्त्रालयको वेभसाइटमा मासिक प्रकाशन गर्ने गरिएको हुँदा वेभसाइटमा हेर्न सकिने ।

## • सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यसमन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

## • निर्णय गर्ने प्रकृया र अधिकारी :

मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत (सातौं) तहले शुरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख (उपसचिव) समक्ष पेश गर्ने र उपसचिवले राय प्रतिकृया सहित मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ।मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश प्रदेश सचिवको रायसहित माननीय मन्त्रीज्यूसमक्ष सदरका लागि पेश गरिने छ ।नी तिगत निर्णयहरुको हकमा प्रदेश मन्त्रीपरिषदबाट निर्णय हुने गरेको छ ।

## मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-

) **मन्त्रालयका प्रमुखः**- श्री कमल बहादुर थापा

पदः- नि.प्रदेश सचिव

मोबाईल नं.:- ९८५२०७००४५

Email: info.moial@koshi.gov.np

**ख) प्रवक्ता** :- श्री विश्वदीप बेस्रा

पद : उपसचिव-कानून

मोबाईल नं. :- ९८५२०७००४७

Email: info.moial@koshi.gov.np

**ग) गुनासो सुन्ने अधिकारीः- यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धमा कुनै गुनासो वा उजुरी भए सो सुन्ने अधिकारी मन्त्रालयको उपसचिवलाई तोकिएको छ ।**

श्री  विश्वदीप बेस्रा

पद : उपसचिव-कानून

मोबाईल नं. :- ९८५२०७००४७

Email: info.moial@koshi.gov.np

**घ) सूचना अधिकारी** - सुभाष कार्की

पदः- वरिष्ठ शाखा अधिकृत

मोबाईल नं. :-. ९८४२१६१७४२

Email: info.moial@koshi.gov.np

**यस मन्त्रालयको**

**Website:** moial.koshi.gov.np
**Email:** info.moial@koshi.gov.np